# परिवर्तनका संबाहक र अहिंसात्मक कार्य

## Agents of Change and Nonviolent Action

**Hardy Merriman**

Conservation Biology, Volume 22, No. 2, April 2008
Translation: August 2019

## परिवर्तनका संबाहक र अहिंसात्मक कार्य

अहिंसात्मक कार्य, आम मानिसहरुका लागि उनीहरुको अधिकार, स्वतन्त्रता र न्यायको लागि लडने एक तरिका अथवा शैली हो । यो अक्सर सदाचारी अथवा नैतिक अहिंसासंग सम्बन्धित हुन्छ, तर म यहाँ, यसले एउटा संघर्षमा थप फाइदा/बल प्रदान गर्नका लागि व्यवहारिक तरिकाका रुपमा कसरि काम गर्छ भनि बिस्तार गर्नका लागि, कुनै सदाचारी अथवा नैतिक आधारभन्दा फरक, यसलाई एउटा पृथक अवस्थाका रुपमा व्याख्या गर्नेछु ।

अहिंसात्मक कार्य, समाजमा शक्ति अन्ततः मानिसहरुको सहमति र आज्ञाकारिताबाट प्राप्त हुन्छ, भन्ने बुझाइमा आधारित हुन्छ । यसको विपरित बिद्यमान/प्रचलित सोच/मत भने, एउटा समाजमा जसले धन एकतृत गरेको छ र हिँसाका लागि सबैभन्दा धेरै क्षमता राख्दछ, शक्ति स्वभाविक रुपमा उसमा केन्दित हुन्छ, भन्ने रहेको छ । तर जसरी अर्थशास्त्र जीवनप्रणालीको एक उप-प्रणाली हो - र त्यसैकारण अन्ततः जीवनप्रणालीको नियमबाट शासित हुन्छ - त्यसरी नै शक्ति प्रणालीहरु पनि, जुन हिंसा र धनमा आधारित भएको प्रतित हुन्छ, वास्तबमा हजारौं अथवा लाखौं मानिसहरुको बृहत्तर व्यवहार र आज्ञापालनका स्वरुपहरुको उप-प्रणालीहरु हुन् । यदि ती मानिसहरुले उनीहरुको वफादारी, व्यवहार र आज्ञाकारिता परिवर्तन गरे भने समाजमा, र बिश्वमै पनि, शक्ति सन्तुलन परिवर्तन हुन्छ । सधारण रुपमा व्यक्त गर्दा, यदि मानिसहरुले आज्ञापालन गरेनन् भने शासकहरु अथवा संघहरुले शासन गर्न सक्दैनन् ।

त्यसकारण, अहिंसात्मक कार्यले सामूहिक स्तरमा मानिसहरुको वफादारी, व्यवहार र आज्ञापालनका स्वरुपहरुमा परिवर्तन सिर्जना गरेर शक्ति हासील गर्छ । विभिन्न समयहरुमा भए जस्तै : उदाहरणका लागि भारतको स्वतन्त्रता संघर्ष, संयुक्त राज्य अमेरिकाको नागरिक अधिकार आन्दोलन, विभिन्न श्रमीक संघर्षहरु (जस्तैः १९६० को मध्य-अन्ततिर भएको एकिकृत कृषि मजदुरहरुको आन्दोलन), र फर्डिनान्ड मार्कोस (१९८६), अगष्टो पिनोचे (१९८८), दक्षीण अफ्रिकाको रंगभेदि शासन (१९८० - ९० को दशक), स्लोबोदान मिलोसेबिच (२०००), र युक्रेनको अधिनायकवादि व्यबस्था (२००४) को पतन आदि, यो नाटकिय रुपमा हुनसक्छ । अथवा परिवर्तनहरु अझ सुक्ष्म रुपमा हुन सक्छन्, जस्तैः जब मानिसहरु

स्थानीय स्वामित्वमा सञ्चालित व्यवसायहरुमा खरिद गर्न चाहन्छन्, कुनै उत्पादन बहिष्कार गर्छन्, अथवा वैकल्पिक संस्थानहरु र अर्थतन्त्र बिकास गर्न काम गर्छन । यसका असंख्य विधि र अभिव्यक्तिहरुका बावजुद, अहिंसात्मक कार्यका सबै कृयाकलापहरु तीनमध्ये कुनै एउटा वर्गमा पर्छन्: गर्न नहुने कार्य गर्नु - जसको अर्थ मानिसहरुले उनीहरुबाट अपेक्षा नगरिएको, नसोचिएको, अथवा उनीहरुलाई अनुमति नदिइएको कार्य गर्दछन्; गर्नुपर्ने कार्य नगर्नु - जसको अर्थ मानिसहरुले उनीहरुबाट अपेक्षा गरिएको, सोचिएको अथवा आवश्यक मानिएको कार्य गर्दैनन्, गर्न नहुने कार्य गर्नु र गर्नुपर्ने कार्य नगर्नु को संयोजन ।१

मानिसहरुको आज्ञाकारिता र व्यवहारको स्वरुप परिवर्तनलाई प्रबर्द्धन गर्नका लागि, सर्वप्रथम मानिसहरुले यथाअवस्थामा गरिरहको जस्तो आज्ञापालन र व्यवहार किन गर्छन भनेर बुझ्नु महत्वपूर्ण हुन्छ । समाज - समाजका बिच कारणहरु फरक हुनेछन्, तर आज्ञापालनको दुई सबैभन्दा साझा कारणहरु जुन मैले बिश्व भरिका अभियानकर्मीहरु र संगठकहरसँगको कामको दौरान पत्ता लगाएँ, ती के हुन् भने, मानिसहरुलाई लाग्दछ कि व्यवहार गर्ने कुनै वैकल्पिक तरिका छैन अथवा हुँदैन, र उनीहरुमा उनीहरुको कार्यहरुले फरक पार्छ भन्ने आत्मबिश्वासको अभाव अथवा कमि हुन्छ । धेरै मानिसहरुले उनीहरु नै समाजमा वास्तविक शक्ति बाहक हुन् भन्ने कुरा बिर्सिएका छन् । अवश्य पनि औपचारिक शिक्षा, संघ/संस्थाहरु, सरकारहरु, र सञ्चार सबैले शक्ति सरकारी भवन र निगमका मुख्यालायहरुका सिमित व्यक्तिहरु बीच रहन्छ, र पैसा र बन्दुक (जसमा उनीहरुको एकाधिकार रहेको हुन्छ) नै बल/शक्तिका मुख्य स्रोत हुन् भन्ने कथनलाई बल प्रदान गर्छन । यो कथन उनीहरुको उद्देश्यहरु सँग मेल पनि खान्छ । यद्यपी, इतिहासमा सफलतम अहिँसात्मक आन्दोलनहरुले मानिसहरुलाई, सामूहिक कार्यहरु मार्फत एउटा साझा लक्ष्य प्राप्तिका लागि संगठित भएर रणनैतिक रुपमा कार्य गर्ने मानिसहरु सेना र पैसा भन्दा धेरै शक्तिशाली हुन्छन् भन्ने तथ्यसामु जागृत गरेका छन् । जनसमर्थन प्राप्त गर्न चाहने समकालिन तल्लो तहको कुनै पनि आन्दोलनले यो तथ्यलाई ध्यान दिनुपर्छ र मानिसहरुलाई उनीहरु शक्तिशाली छन् भनी सम्झाउने कामलाई भाषण कलाको केन्द्रबिन्दु बनाउनुपर्छ ।

यसलाई एक कदम अगाडि बढाउँदै, सफल आन्दोलनहरुले मानिसहरुलाई उनीहरु शक्तिशाली छन् मात्र भन्दैनन्, तीनीहरुले प्रष्ट, हासिल गर्न सकिने उद्देश्य निर्धारण गरेर र त्यसपछि उनीहरुको सफलताहरु को अभिलेखिकरण र प्रचारप्रसार गरेर जनताको शक्ति प्रदर्शन गर्छन् । यस्ता सफलताहरु आफैंनै सिमीत हुन सक्छन्, तर मानिसहरु परिचालनमा तिनीहरुको प्रभाव धेरै ठूलो हुन्छ । उदाहरणका लागि, संयुक्तराज्य अमेरिकाको नागरिक अधिकार आन्दोलनले सन् १९५५-५६ मा मोन्टगोमेरि, अलाबामाका बसहरुमा हुने विभेदको अन्त्य गर्न, र १९६० मानाशभिलको खाना काउन्टरहरुको बिभाजन अन्त्य गर्न आफ्नो शक्ति केन्द्रित गरेको थियो । भारतको स्वतन्त्रता आन्दोलनले सन् १९३०-३१ मा बेलायति बाट नुन सम्बन्धि कानुन र अन्य कानुनहरुमा छुट/सुबिधाहरु प्राप्त गर्नका लागि आफ्ना प्रयासहरु केन्द्रित गरेको थियो । हासील गरिसक्दा यी उद्देश्यहरु संयुक्त राज्य अमेरिकाको समग्र दक्षिण भागमा रहेको बिभाजनलाई उल्ट्याउने अथवा भारतमा स्वतन्त्रता प्राप्त गर्ने विशाल कार्यको तुलानमा साना थिए । तर तीनीहरुको वास्तविक प्रभाव चाहिँ आन्दोलनहरु आफैँमा रहेको उत्प्रेरक प्रभावमा थियो । यी विजयहरुले मानिसहरुलाई के देखाए भने, उनीहरुका कृयाकलापहरुले महत्व राख्थ्यो र परिवर्तन ल्याउन तीनीहरु सक्षम थिए, जसले समर्थन र परिचालानमा बृहत अभिबृद्धि हासील गऱ्यो र यी आन्दोलनहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तर सम्म पुऱ्याउन प्रेरित गर्यो ।

यी उद्देश्यहरु संयुक्त राज्य अमेरिकाको नागरिक अधिकार आन्दोलन अथवा भारतको स्वतन्त्रता आन्दालनले हासिल गरेको उच्चतम नैतिक धरातलको आधारमा मात्र हासिल भएका थिएनन् । ती उपलब्धिहरुका कारक, कडा परिश्रम, रचनात्मकता, र कुशल राजनितिक बिश्लेषण पनि थिए । यो सबै सफलतम अहिंसात्मक आन्दोलनहरुका सन्दर्भमा सत्य हो । यद्यपी, धरैले यो तथ्यलाई नजरअन्दाज गर्छन, र बरु अहिंसात्मक आन्दोलनहरुमा आधारभूत रुपमा सार्वजनिक विरोध, हिंसात्मक प्रदर्शन, र नैतिक निषेधाज्ञा समाबेश हुन्छन्, अथवा यसको सफलता आकर्षक नेतृत्व अथवा कुनै प्रकारको रहस्यमयी शक्तिमा भर पर्छ, भन्ने मान्यता राख्छन् । तर त्यस्तो होइन, न त यसको लागि त्यस्ता मानिसहरुको आवश्यक्ता हुन्छ जो शान्तिवाद अथवा नैतिक अहिंसामा सैद्धान्तिक रुपमै प्रतिबद्ध हुन्छन् । यसका लागि के आवश्यक हुन्छ भने, मानिसहलाई एकताबद्ध गर्न सक्ने एउटा समावेशी दृष्टिकोण, सार्थक रणनितिक योजना, प्रभावकारी सार्वजनिक/आम सञ्चार, र तत्कालिन अवस्थाका लागि उपयुक्त प्रणाली/विधिहरुको पहिचान । कुनै एउटा विधी वा परिणाम सबैका लगि उपयुक्त हुन्छ भन्ने हुँदैन -

अहिंसात्मक कार्यहरु स्थान-बिशेष हुन्छन् । यसलाई परिचालन गर्ने सिद्धान्तहरु, जस्तैः शक्ति, सहमति र आज्ञापालनमा आधारित हुनुपर्छ, सबै संघर्षहरुमा समानहुँदै गर्दा, यसको प्रयोग निश्चित समाजको संदर्भ र बिशेषतामा भर पर्छ । चाहे यो साहसिक सार्बजनिक कार्यहरुको रुपमा होस, खरिद गरिने ढाँचामा सुक्ष्म परिवर्तनका रुपमा होस, अथवा दुबै (ज्यादातर आन्दोलनहरुको रणनितिहरुमा व्यापक विविधता रहेको हुन्छ, जुन फरक-फरक स्तरको सहभागिता भएका मानिसहरुको प्रयोगका लागि बनाइएको हुन्छ) प्रकट होस, यसले मानिसहरुका लागि उनीहरुको समाजमा मोर्चाबन्द प्रतिद्वन्द्विहरुबाट सुबिधा अथवा लाभ लिनका लागि राजनितिक स्थान सिर्जना गर्न अथवा प्रयोग गर्नका लागि एउटा बाटो खोलिदिन्छ ।

भाग्यवश, मानिसहरु उत्कृष्ट परिणाम प्राप्त गर्नका लागि कसरी अहिंसात्मक कार्य प्रयोग गर्न सक्छन्, र इतिहासमा गरेका छन्, भन्ने बारेमा धेरै बौद्धिककार्य, अनुसन्धान, र सञ्चार गरिएका छन् । अहिंसात्मक कार्यमा रहेको शक्ति र क्षमता बुझ्नेहरु माझ यस ज्ञानको माग बढ्दो छ । तपाइँले यसका बारेमा धेरैजसो समाचारपत्रहरुमा पढ्न पाउनुहुने छैन, र तपाइँले धेरै राजनीतिकर्मीहरुले यसका बारेमा कुरा गरिरहेको पनि पाउनु हुने छैन, तर यदि तपाइँले बिश्वभरिका तल्लो/स्थानीय स्तरका संगठकहरु र नागरिक समाजका सदस्यहरुसँग कुरा गर्नुभयो भने उनीहरुले बताउनेछन् । उनीहरु, समाजमा परिवर्तनका संबाहक त्यहि समाजका मानिसहरुनै हुन्, र संरचनात्मक परिवर्तन तलबाट माथितर्फ गरिन्छ, भन्ने मान्यता राख्छन् । तीनीहरु उनीहरुको नेतृत्व गर्ने मानिसको प्रतिक्षा गरिरहेका छैनन्, किनकि उनीहरुले बुझेका छन् कि ज्यादातर सरकारी र व्यापारिक नेताहरु, यदि उनीहरुका जनता असंबद्ध छन्, र उनीहरुलाई जवाफदेहि बनाउने माध्यमहरुका बारेमा जानकार छैनन् भने, सहि कार्य गर्नका लागि पनि नेतृत्व लिँदैनन । त्यसकारण, बिश्वभरिका मानिसहरु, मानवअधिकार, स्वतन्त्रता, न्याय, पारदर्शिता, महिला, आदिवाशी समुदायहरु र अल्पसंख्यकहरुको अधिकार र वातावरणीय संरक्षण प्राप्त गर्नका लागि उनीहरुको समुदायलाई सशक्तिकरणको एउटा व्यवहारिक माध्यमका रुपमा बढ्दो रुपमा अहिंसात्मक कार्यको खोजिगरिरहेका छन्, (जुन उनीहरु मतदान, न्याय प्रणाली, अथवा परिर्वतन ल्याउन सक्ने अन्य परम्परागत माध्यमहरुसंगको संयोजनमा प्रयोग गर्न सक्छन्) । अहिंसात्मक कार्य प्रयोग गर्नुका उद्देश्यहरु जे सुकै भएपनि यसको शर्त समान हुन्छ : शक्तिको बारेमा मानिसहरुको

मस्तिष्कमा रहेको अवधारणालाई पुनःविचार गर्नु । यो ज्ञान बाँड्नु, र मानिसहरुलाई उनीहरुको शक्तिसँग साक्षात्कार गराउनु, जुन मानवताको पथ परिबर्तनका लागि आवश्यक कार्य हो ।